# सुदूरपश्चिम प्रदेश दुग्ध विकास बोर्डको स्थापना र व्यवस्थापन गर्न बनेको विधेयक, २०७७

**प्रस्तावना**ः सरकारी, सहकारी, सामुदायिक तथा निजी क्षेत्रको सहभागितामा दुग्ध उत्पादन, दुग्धजन्य पदार्थको प्रशोधन तथा बजारीकरण मार्फत दीगो आर्थिक समृद्धि हासिल गर्नका लागि अध्ययन, अनुसन्धान र प्रविधिको विकास गर्न सुदूरपश्चिम प्रदेश दुग्ध विकास बोर्डको स्थापना र व्यवस्थापन गर्न वान्छनीय भएकाले,

सुदूरपश्चिम प्रदेश सभाले यो ऐन बनाएको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

१. **सङ्क्षिप्त नाम, विस्तार र प्रारम्भः**(१) यस विधेयकको नाम "सुदूरपश्चिम प्रदेश दुग्ध विकास बोर्ड ऐन, २०७७" रहेको छ ।

(२) यो ऐन सुदूरपश्चिम प्रदेशभर तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "अध्यक्ष" भन्नाले बोर्डको अध्यक्ष सम्झनु पर्छ ।

(ख) "कार्यकारी निर्देशक" भन्नाले दफा ११ बमोजिमको कार्यकारी निर्देशक सम्झनु पर्छ।

(ग) "छनौट समिति" भन्नाले दफा ११ को उपदफा (३) बमोजिम गठन भएको समिति सम्झनु पर्छ ।

(घ) "तोकिएको वा तोकिए बमोजिम" भन्नाले यस विधेयक अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(ङ) "प्रदेश" भन्नाले सुदूरपश्चिम प्रदेश सम्झनु पर्छ ।

(च) "बोर्ड" भन्नाले दफा ३ बमोजिम स्थापना भएको सुदूरपश्चिम प्रदेश दुग्ध विकास बोर्ड सम्झनु पर्छ ।

(छ) "मन्त्रालय" भन्नाले सुदूरपश्चिम प्रदेशको भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय सम्झनु पर्छ ।

(ज) "सदस्य" भन्नाले दफा ५ बमोजिमको बोर्डको सदस्य सम्झनु पर्छ र सो शब्दले बोर्डको अध्यक्ष र सदस्य-सचिव समेतलाई जनाउँछ ।

(झ) "समिति" भन्नाले दफा ९ बमोजिम गठन भएको समिति सम्झनु पर्छ ।

## परिच्छेद-२
## बोर्डको गठन तथा स्थापना

३. **बोर्डको स्थापनाः** (१) प्रदेश स्तरमा दुग्ध व्यवसाय सम्बन्धी कार्य गर्न सुदूरपश्चिम प्रदेश सरकारले दुग्ध विकास बोर्डको स्थापना गर्नेछ ।

(२) बोर्डको कार्यालय प्रदेश सरकारले तोकेको उपयुक्त स्थानमा रहनेछ ।

४. **बोर्ड संगठित संस्था हुने**: (१) बोर्ड अविछिन्न उत्तराधिकारवाला एक स्वशासित संगठित संस्था हुनेछ ।

(२) बोर्डको कामकारवाहीका निमित्त आफ्नो छुट्टै छाप हुनेछ ।

(३) बोर्डले व्यक्ति सरह चल अचल सम्पति प्राप्त गर्न, उपभोग गर्न, बेचबिखन गर्न तथा अन्य किसिमले व्यवस्था गर्न सक्नेछ र सो का लागि प्रदेश सरकारको अनुमति लिनु पर्नेछ ।

(४) बोर्डले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजुर गर्न, प्रतिवाद गर्न र बोर्ड उपर पनि सोही नामबाट नालिस उजुर लाग्न सक्नेछ ।

५. **बोर्डको गठन** : (१) बोर्डको गठन देहाय बमोजिमको हुनेछ :-

(क) राज्य मन्त्री वा सहायक मन्त्री, मन्त्रालय -अध्यक्ष

(ख) सचिव, मन्त्रालय -सदस्य

(ग) उपसचिव, आर्थिक मामिला तथा योजना मन्त्रालय -सदस्य

(घ) मन्त्रालयले मनोनित गरेको सम्बन्धित विषय विशेषज्ञ मध्येबाट समावेशी महिला सहित तीन जना सदस्य -सदस्य

(ङ) प्रतिनिधि, प्रदेश दुग्ध सहकारी संघबाट बोर्डले मनोनित गरेका एकजना -सदस्य

(च) प्रतिनिधि, नेपाल डेरी एसोसिएसन वा डेरी उद्योग संघबाट बोर्डले मनोनित गरेका एकजना -सदस्य

(छ) प्रतिनिधि,खाद्य प्रविधि तथा गुण नियन्त्रण, प्रदेश कार्यालयबाट एकजना -सदस्य

(ज) मन्त्रालयले मनोनित गरेको उपभोक्ताबाट एक जना प्रतिनिधि -सदस्य

(झ) कार्यकारी निर्देशक, सुदूरपश्चिम प्रदेश दुग्ध विकास बोर्ड -सदस्य सचिव

(२) उपदफा (१) खण्ड (घ), (ङ), (च) र (ज) बमोजिमका सदस्यको पदावधि तीन वर्षको हुनेछ।

(३) बोर्डले आवश्यकता अनुसार सम्बन्धित विज्ञ समेतलाई बोर्डको बैठकमा आमन्त्रण गर्न सक्नेछ।

६. **बोर्डका सदस्यको पद रिक्त हुने अवस्था:** दफा ५ को उपदफा (१) को खण्ड (घ), (ङ), (च) र (ज) बमोजिम नियुक्त हुने पदाधिकारीहरूको देहायको अवस्थामा पद रिक्त हुनेछः-

(क) निजले लिखित राजिनामा दिएमा,

(ख) मृत्यू भएमा,

(ग) ऐनको उद्देश्य विपरित कार्य गरेको भनी बोर्डले पदमुक्त गरेमा,

(घ) लगातार ५ पटक बैठकमा अनुपस्थित भएमा,

(ङ) नैतिक पतन हुने फौजदारी अभियोगमा सजाय पाएमा,

(च) दफा ५ को (२) बमोजिम पदावधि समाप्त भएमा ।

७. **<u>बोर्डको बैठक</u>** : (१) बोर्डको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(२) बोर्डको बैठक वर्षमा कम्तीमा चार पटक बस्नेछ ।

तर आवश्यकता अनुसार जुनसुकै बेलामा बोर्डको बैठक बोलाउन सकिनेछ ।

(३) बोर्डको सम्पूर्ण सदस्य संख्याको पचास प्रतिशत भन्दा बढी सदस्य उपस्थित भएमा बैठकका लागि गणपुरक संख्या पुगेको मानिनेछ ।

(४) बोर्डको एक तिहाई सदस्यहरुले बोर्डको बैठकको लागि लिखित माग गरेमा बोर्डको सदस्य-सचिवले अध्यक्षको स्वीकृति लिई बैठक बोलाउनु पर्नेछ ।

(५) बोर्डको सदस्य-सचिवले बैठक बस्ने सूचनाको साथमा बैठकमा छलफल हुने विषयहरुको सूची सदस्यलाई उपलब्ध गराउनु पर्नेछ ।

(६) बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा उपस्थित सदस्यहरु मध्ये जेष्ठ सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

(७) बोर्डको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बाँझिएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(८) बोर्डको निर्णय सदस्य-सचिवद्वारा प्रमाणित गरिनेछ र त्यस्तो निर्णयमा उपस्थित सबै सदस्यले दस्तखत गर्नु पर्नेछ ।

(९) बैठक सम्बन्धी अन्य व्यवस्था बोर्ड आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

८. **<u>बोर्डको काम, कर्तव्य र अधिकार</u>** : बोर्डको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) दुग्ध क्षेत्रको प्रादेशिक नीति निर्माण,योजना तर्जुमा, कार्यान्वयन तथा दुग्ध क्षेत्रको अध्ययन, अनुसन्धान र विकास गर्ने,

(ख) स्थानीय तह, सहकारी र निजी क्षेत्रसँगको सहकार्यमा ग्रामीण क्षेत्रहरुमा उत्पादित दुग्धजन्य पदार्थ शहरी क्षेत्रमा पुर्‍याउने सहज वातावरण सृजना गर्ने,

(ग) दुग्ध व्यवसाय प्रवर्द्धन गर्न कृषकलाई प्राविधिक तथा अन्य सेवा उपलब्ध गराउने,

(घ) पशुनश्ल सुधार कार्यक्रम, पशु नश्ल सुधार प्रजनन केन्द्र, व्यवसायिक घाँसखेती, दाना उद्योग, दुधालु गाई भैंसी आनुवांशिक फार्म, उच्च प्रजनन मानका पशु स्रोत केन्द्र, दुग्ध प्रशोधन उद्योग, धुलो दूध कारखाना, प्राङ्गारिक प्रशोधित मल उद्योग, बायो ग्याँस उद्योग स्थापना र सञ्चालन गर्न सार्वजनिक-नीजि-सहकारी साझेदारीमा गर्ने,

(ङ) दुग्धजन्य पशुपालन तथा उद्योग विकासका लागि प्रचलित कानून बमोजिम स्वदेशी तथा विदेशी सहायता, अनुदान एवम् प्रदेश सरकारको स्वीकृतिमा सहुलियत ऋण प्राप्त गर्ने,

(च) दुग्धजन्य पशुपालन, दुग्ध व्यवसाय सम्बन्धमा उत्पादक तथा उपभोक्ता हितको लागि प्रदेश सरकारलाई आवश्यक प्रस्ताव सहित सुझाव दिने,

(छ) प्रदेश सरकारको समन्वयमा समग्र दुग्ध क्षेत्रको विकास एवं विस्तारका लागि सार्वजनिक, नीजि तथा सहकारी दुग्ध उद्योगलाई बोर्डमा सूचिकृत गरी दुग्ध विकास कोष स्थापना गर्ने,

(ज) उन्नत जातका दुधालु पशु खरिद गर्न कृषकलाई सरल रुपमा सहुलियत ऋण बैंक मार्फत उपलब्ध गराउने,

(झ) सरकारी, गैरसरकारी, नीजि क्षेत्र तथा सहकारी संस्थाले सञ्चालन गर्ने दुग्ध विकास सम्बन्धी कार्यक्रमको समन्वय गर्ने,

(ञ) दुग्ध तथा दुग्ध पदार्थको गुणस्तर नियन्त्रण गर्नको लागि अत्याधुनिक प्रयोगशाला स्थापना गरी सञ्चालन गर्ने,

(ट) उत्पादित कच्चा दूधको खरिद मूल्य र प्रशोधित दूध तथा दुग्धजन्य पदार्थको बिक्री मूल्य समयानुकुल समायोजन गर्ने र सोको प्रभावकारी अनुगमन गर्ने,

(ठ) पहाडी क्षेत्रमा विशेष पहिचान भएको गड्डीभैंसी, खैंलागाई पालन प्रवर्द्धन गरी खुवा, छुर्पी तथा मोजरेला चिज उद्योग स्थापनाका लागि प्रवर्द्धनात्मक कार्यक्रम सिफारिस गरी मोजरेला चिजलाई विशिष्ट उत्पादनको रुपमा विकास गर्ने,

(ड) दुग्ध उद्योगको कार्यक्रम तथा गुणस्तर अनुगमन मूल्याङ्कन गरी पृष्ठपोषण एवम् निर्देशन दिने,

(ढ) दुधालु बाख्रापालन व्यवसाय प्रवर्द्धन गरी चिज उत्पादनमा जोड दिने,

(ण) दुग्ध उद्योग सम्बन्धी अन्य आवश्यक कार्य गर्ने ।

## परिच्छेद-३

## बोर्डको व्यवस्थापन

९. **समिति गठन गर्न सक्ने** : (१) बोर्डले आफ्नो कार्य सञ्चालनको लागि समानुपातिक समावेशी सिद्धान्तको आधारमा आवश्यकता अनुसार समितिहरू गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको समितिको काम, कर्तव्य र अधिकार, कार्य क्षेत्र तथा कार्यविधि बोर्डले तोके बमोजिम हुनेछ ।

१०. **बोर्डको कोष**: (१) बोर्डको कार्य सञ्चालनको लागि एउटा छुट्टै कोष रहनेछ । उक्त कोषमा देहायका रकम रहने छः-

(क) नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय सरकारबाट प्राप्त रकम,

(ख) कुनै विदेशी सरकार तथा अन्तर्राष्ट्रिय संस्थाबाट प्राप्त हुने रकम,

(ग) दुग्ध उद्योग सम्बन्धी अनुसन्धान कार्य वा परामर्श सेवा उपलब्ध गरे गराए वापत प्राप्त हुने रकम,

(घ) स्वदेशी वा विदेशी संघ, संस्था वा व्यक्तिबाट प्राप्त दान, दातव्य, उपहार,

(ङ) अन्य श्रोतबाट प्राप्त रकम ।

(२) उपदफा (१) को खण्ड (ख) र (घ) बमोजिमको रकम प्राप्त गर्दा नेपाल सरकार, अर्थ मन्त्रालयको पूर्व स्वीकृति लिनु पर्दछ ।

(३) बोर्डलाई प्राप्त हुने सबै रकम प्रदेश भित्रको नेपाल सरकारको स्वामित्व भएको बैंकमा खाता खोली जम्मा गरिनेछ ।

(४) बोर्डको खर्च उपदफा (१) बमोजिमको कोषबाट तोकिए बमोजिम व्यहोरिनेछ ।

**११. कार्यकारी निर्देशक** :(१) बोर्डको प्रशासकीय प्रमुखको रुपमा एकजना कार्यकारी निर्देशक रहनेछ।

(२) उपदफा (१) बमोजिम कार्यकारी निर्देशक नियुक्तिका लागि छनौट गर्न देहाय बमोजिमको छनौट समिति गठन गरिनेछः-

| | |
|---|---|
| (क) सचिव, मन्त्रालय | -संयोजक |
| (ख) उपसचिव, प्रदेश लोक सेवा आयोग | -सदस्य |
| (ग) उपसचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय | -सदस्य |

(३) उपदफा (२) बमोजिमको छनौट समितिले देहाय बमोजिम योग्यता भएका व्यक्तिहरु मध्येबाट कार्यकारी निर्देशक पदमा नियुक्तिका लागि तीन जनाको नाम सिफारिस गर्नेछः-

(क) मान्यता प्राप्त शिक्षण संस्थाबाट कृषि विज्ञान, पशु विज्ञान, खाद्य तथा डेरी वा वाणिज्य संकायमा कम्तीमा स्नातक तह उत्तीर्ण गरी सम्बन्धित क्षेत्रमा कम्तीमा पाँच वर्षको कार्य अनुभव भएको,

(ख) पैंतिस वर्ष उमेर पूरा भएको ।

(४) कार्यकारी निर्देशकको पदावधि चार वर्षको हुनेछ र निज अर्को एक कार्यकालको लागि पुनः नियुक्ती हुन सक्नेछ ।

(५) देहायको अवस्थामा कार्यकारी निर्देशकको पद रिक्त हुनेछ :-

(क) निजले आफ्नो पदबाट बोर्ड समक्ष राजीनामा दिएमा,

(ख) निजले बोर्डको अहित हुने कुनै काम गरेमा, कार्य क्षमताको अभाव भएमा, खराब आचरण भएमा वा आफ्नो पदीय कर्तव्यको पालना इमान्दारीपूर्वक नगरी मन्त्रालयले निजलाई पदबाट हटाएमा,

तर निजलाई हटाउनु अघि मनासिव सफाई पेश गर्ने र सुनुवाईको अवसरबाट वञ्चित गरिने छैन ।

(ग) निजको उमेर पैंसठ्ठी वर्ष पूरा भएमा,

(घ) निजको मृत्यु भएमा ।

(६) कार्यकारी निर्देशकको पारिश्रमिक, सेवाको शर्त तथा सुविधा तोकिए बमोजिम हुनेछ ।

**१२. कार्यकारी निर्देशकको काम, कर्तव्य र अधिकार** : (१) कार्यकारी निर्देशकको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) बोर्डको योजना, कार्यक्रम, बजेट तयार गरी पेश गर्ने,

(ख) निर्णयको कार्यान्वयन गर्ने, गराउने

(ग) वार्षिक प्रतिवेदन तयार गरी पेश गर्ने,

(घ) कर्मचारी प्रशासन सम्बन्धी कार्य गर्ने र

(ङ) बोर्डले तोकेका अन्य कार्य गर्ने ।

(२) उपदफा (१) मा लेखिए देखि बाहेकका अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

**१३. <u>बोर्डको कर्मचारी</u>**: (१) बोर्डको दैनिक कार्य सञ्चालनको लागि आवश्यक कर्मचारी मन्त्रालयले व्यवस्था गर्नेछ ।

(२) कर्मचारी सम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ ।

## परिच्छेद-४

## विविध

**१४. <u>लेखा र लेखापरीक्षण</u>** : (१) बोर्डको लेखा प्रचलित कानून बमोजिम राखिनेछ ।

(२) बोर्डको लेखापरीक्षण कानून बमोजिम महालेखापरीक्षकबाट हुनेछ ।

**१५. <u>अधिकार प्रत्यायोजन</u>**: बोर्डले यस ऐन बमोजिम आफुलाई प्राप्त अधिकारमध्ये सबै वा कुनै अधिकार आवश्यकता अनुसार कुनै सदस्य वा दफा ९ बमोजिम गठन भएको समिति वा बोर्डको कुनै अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

**१६. <u>प्रदेश सरकार समक्ष प्रतिवेदन पेश गर्नु पर्ने</u>**: (१) बोर्डले आफुले गरेको कामको वार्षिक प्रतिवेदन प्रत्येक आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र प्रदेश सरकार समक्ष पेश गर्नु पर्नेछ ।

(२) बोर्डले वार्षिक प्रतिवेदन सार्वजनिक रुपमा प्रकाशन गर्नु पर्नेछ ।

**१७. <u>बैठक भत्ता</u>** : सदस्यहरुले समितिको बैठकमा भाग लिए वापत तोकिए बमोजिमको बैठक भत्ता तथा आवश्यकता अनुसार अन्य सुविधा पाउनेछन् ।

**१८. <u>निर्देशन दिन सक्ने</u>** : प्रदेश सरकार र मन्त्रालयले बोर्डलाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशन पालन गर्नु बोर्डको कर्तव्य हुनेछ ।

**१९. <u>प्रदेश सरकारसँग सम्पर्क</u>:** बोर्डले प्रदेश सरकारसँग सम्पर्क राख्दा मन्त्रालय मार्फत राख्नु पर्नेछ ।

**२०. <u>बोर्डको विघटन</u>** : (१) कुनै मनासिव कारणबाट बोर्ड विघटन गर्ने गरी प्रदेश सरकारले निर्णय गरेमा बोर्ड विघटन हुनेछ ।

(२) उपदफा (१) बमोजिम बोर्ड विघटन भएमा बोर्डको हक र दायित्व प्रदेश सरकारमा सर्नेछ।

**२१. <u>नियम बनाउने अधिकार</u>**: (१) यस ऐनको उद्देश्य कार्यान्वयन गर्न प्रदेश सरकारले आवश्यक नियमहरु बनाउन सक्नेछ ।

(२) यस ऐनको प्रभावकारी कार्यान्वयनका लागि बोर्डको प्रस्तावमा मन्त्रालयले यो ऐन अन्तर्गत बनेका नियमको अधीनमा रही आवश्यक निर्देशिका, कार्यविधि तथा मापदण्ड बनाई लागु गर्न सक्नेछ।

(३) उपदफा (१) बमोजिमको नियम तथा विनियम प्रदेश राजपत्रमा प्रकाशन गर्नु पर्नेछ ।

प्रदेश सभाको सम्बत् २०७७ चैत्र ०८ गते आइतबारका दिन बसेको सातौं अधिवेशनको १०औं बैठकले नेपालको संविधानको धारा १९९ बमोजिम यो विधेयक पारित गरेको हुँदा नेपालको संविधानको धारा २०१ को उपधारा (१) बमोजिम प्रमाणित गर्दछु ।

.............................
माननीय अर्जुन बहादुर थापा
सभामुख
सुदूरपश्चिम प्रदेश
मिति :- २०७८/०१/०५

सुदूरपश्चिम प्रदेश सभाका सभामुखबाट प्रमाणित यो विधेयक नेपालको संविधानको धारा २०१ को उपधारा (२) बमोजिम प्रमाणिकरण गर्दछु ।

मिति :-......................... माननीय सर्मीला कुमारी पन्त
प्रदेश प्रमुख